# झिमरुक गाउँपालिका

## शिक्षक,कर्मचारी दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि, २०८०

**कार्यपालिकाबाट पारित मिति-२०८०/०१/११**

**प्रमाणिकरण मिति-२०८०/०१/२४**


झिमरुक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भ्यागुते,प्यूठान

# शिक्षक,कर्मचारी दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि,२०८०

गाउँपालिकाभित्र रहेका विद्यालयमा शिक्षाको गुणस्तर वृद्धि गर्न शिक्षक विद्यार्थी अनुपात तथा कक्षागत रुपमा शिक्षकको व्यवस्था गर्न बाञ्छनीय देखिएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद -३ को दफा ११ को ९ज० ले दिएको अधिकार बमोजिम झिमरुक गाउँपालिकाले शिक्षक,कर्मचारी  दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि २०८० बनाई लागु गरेको छ।

## परिच्छेद -१

### प्रारम्भिकः

१.संक्षिप्त नाम र प्रारम्भिकः यस कार्यविधिको नाम "शिक्षक,कर्मचारी दरबन्दी मिलान तथा  व्यवस्थापन कार्यविधि २०८०" हुनेछ ।

२. यो कार्यविधि झिमरुक गाउँ कार्यपालिकाले स्वीकृत गरेको मितिबाट लागु हुनेछ।

३. परिभाषाः विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क."गाउँपालिका" भन्नाले झिमरुक गाउँपालिकालाई सम्झनु पर्दछ।

ख."कार्यपालिका" भन्नाले झिमरुक गाउँपालिका गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ।

ग."प्रमुख प्रशासकीय अधिकृत" भन्नाले झिमरुक गाउँपालिकाको प्रमुख प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

घ."शिक्षा प्रमुख" भन्नाले झिमरुक गाउँपालिकाका शिक्षा,युवा तथा खेलकुद शाखामा कार्यरत शिक्षा अधिकृतलाई सम्झनु पर्दछ ।

ङ."आधारभूत शिक्षा" भन्नाले  बाल विकास  कक्षादेखि आठ कक्षासम्मको शिक्षालाई सम्झनु पर्दछ ।

च."माध्यमिक शिक्षा" भन्नाले कक्षा नौ देखि बाह्र कक्षासम्मलाई सम्झनु पर्दछ।

छ. "शिक्षा समिति" भन्नाले  झिमरुक गाउँपालिकाको गाउँ शिक्षा समितिलाई सम्झनु पर्दछ।

ज."दरबन्दी" भन्नाले  नेपाल सरकारद्वारा स्वीकृत अनुदान प्राप्त स्थायी/अस्थायी करार कोटा सम्झनु पर्दछ।

झ. "राहत" भन्नाले नेपाल सरकारबाट स्वीकृत अनुदान प्राप्त अनुदानकोटा सम्झनु पर्दछ।

ञ."गाउँपालिका अनुदान  शिक्षक" भन्नाले झिमरुक गाउँपालिकाबाट तलब भत्ता खाने गरी नियुक्त शिक्षक सम्झनु पर्दछ।

ट."संघीय अनुदान शिक्षक" भन्नाले नेपाल सरकारबाट अनुदान पाउने गरी गरी नियुक्त शिक्षक सम्झनु पर्दछ।

ठ. "सामुदायिक विद्यालय" भन्नाले  सरकारी अनुदान प्राप्त गर्ने झिमरुक गाउँपालिका भित्रका विद्यालय सम्झनु पर्दछ।

ड. "शिक्षक" भन्नाले विद्यालयमा अध्यापन गर्ने अध्यापकलाई सम्झनु पर्दछ।

ढ."बाल विकास सहजकर्ता" भन्नाले झिमरुक गाउँपालिकाभित्र नियुक्त बाल विकास सहजकर्ताहरुलाई सम्झनुपर्दछ।

ण."विद्यालय **कर्मचारी**" भन्नाले सामुदायिक विद्यालयमा कार्यरत सहयोगी कर्मचारी र सहायक कर्मचारीलाई बुझ्नु पर्दछ।

**परिच्छेद -२**

**दरबन्दी मिलानका आधारहरू:**

४. शिक्षक दरबन्दी मिलान सम्बन्धी व्यवस्था :

क.अघिल्लो शैक्षिक सत्रको विद्यार्थी सङ्ख्याका आधारमा सत्यापन गर्दा आएको विवरण बमोजिम कक्षागत विद्यार्थी संख्यालाई आधार मानिनेछ।

ख.विद्यालयमा स्वीकृत दरबन्दीमा कार्यरत स्थायी, अस्थायी, करार, राहत अनुदान,संघीय अनुदान,गाउँपालिका अनुदान, बालविकास सहजकर्ताहरुको संख्यात्मक विवरण तयार पारिनेछ।

ग.न्यूनतम विद्यार्थी संख्या कायम गर्दा **बालविकासदेखि कक्षा** ३ सम्म सञ्चालित विद्यालयमा कम्तिमा ३० जना विद्यार्थी संख्या, कक्षा बालविकासदेखि कक्षा ५सम्म सञ्चालित विद्यालयमा ५० जना विद्यार्थी संख्या, ८ सञ्चालित विद्यालयमा १०० जना विद्यार्थी संख्या, बालविकासदेखि कक्षा १० सम्म सञ्चालित विद्यालयमा १७५ जना विद्यार्थी संख्या र बालविकासदेखि कक्षा १२ सम्म सञ्चालित विद्यालयहरुमा २०० जना विद्यार्थी संख्या हुनुपर्ने ।उल्लेखित विद्यार्थी संख्याभन्दा कम विद्यार्थी संख्या भएमा त्यस्ता जुनसुकै तह वा प्रकृतिका शिक्षक दरबन्दी अन्यत्र विद्यालयमा मिलान गरिनेछ।

घ.एउटै कक्षामा विद्यार्थी संख्या बढी भई सेक्सन खोल्नु पर्ने अवस्थामा प्रति कक्षा ४५ जना मापदण्ड बमोजिमको विद्यार्थी संख्याको पचास प्रतिशत भन्दा बढी अर्थात ६८ भन्दा बढी विद्यार्थी भएमा प्रति सेक्सन १ शिक्षक दरबन्दी व्यवस्था गरिनेछ।भौगोलिक विकटता भएको अवस्थामा परिस्थितिको अध्ययन गरी शिक्षक व्यवस्था गरिनेछ।

ङ.दफा ४ को उपदफा ग र घ अनुसार विद्यार्थी संख्या नपुग हुने विद्यालयको हकमा गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाले आवश्यक निर्णय गर्नेछ ।

५. विद्यालयगत एवम् तहगत शिक्षक विद्यार्थी अनुपातका आधारमा शिक्षक व्यवस्थापन गरिने आधारहरू :

क.बाल विकास - ३ सञ्चालित आधारभूत विद्यालयमा न्यूनतम ४ शिक्षक व्यवस्थापन गरिनेछ।

ख.बाल विकास - ५ सञ्चालित आधारभूत विद्यालयमा न्यूनतम ६ शिक्षक व्यवस्थापन गरिनेछ।

ग.आधारभूत तह कक्षा ६-८ का लागि न्यूनतम ४ जना शिक्षक व्यवस्थापन गरिने छ। प्राथमिकताका आधारमा अंग्रेजी १, गणित/विज्ञान १, नेपालि १,सामाजिक १ गरी ४ ओटासम्म शिक्षक दरबन्दी कायम गरिनेछ।

घ. माध्यमिक तह कक्षा ९-१० का लागि न्यूनतम ५ जना शिक्षकको व्यवस्था गरिने छ।प्राथमिकताका आधारमा अंग्रेजी १, गणित १,विज्ञान १, नेपाली १,सामाजिक १ गरी ५ ओटासम्म शिक्षक दरबन्दी कायम गरिनेछ।

ङ.माध्यमिक तह ९-१२ को लागि न्यूनतम ९ जना शिक्षक कायम गरिनेछ।

**परिच्छेद-३**

**दरबन्दी मिलानपछि शिक्षक व्यवस्थापनः**

६.दरबन्दी मिलान गर्दा बढी आउने शिक्षकहरुलाई गाउँ शिक्षा समितिको सिफारिसमा गाउँपालिकाले शिक्षक दरबन्दी अपुग भएका विद्यालयहरुमा पदस्थापना गरिनेछ।

७.शिक्षक दरबन्दी कटौती गर्दा सर्वप्रथम नियुक्ति मितिको कनिष्ठतताका आधारमा क्रमशः गा.पा.अनुदान शिक्षक, राहत, अस्थायी र स्थायी शिक्षक दरबन्दीलाई गर्नेछ।

## परिच्छेद-४

## दरबन्दी मिलानमा सरुवा तथा पदस्थापना सम्बन्धी व्यवस्थाः

८.पारस्परिक सरुवाका लागि विद्यालय व्यवस्थापन समितिको सहमतिमा सरुवा गर्न सकिने छ।

९.स्थायी नियुक्ति लिई परीक्षणकालमा रहेका शिक्षकको हकमा सरुवा गरिनेछैन।

१०.दरबन्दी मिलानका लागि विद्यालय छनोटका गर्दा कम्तिमा सात दिने सूचना गरिने छ।निवेदन पेस नगर्ने शिक्षकलाई गाउँ शिक्षा समितिको सिफारिसमा गाउँपालिकाले आवश्यक स्थानमा खटाउनेछ।

११.विद्यालयको कार्य सम्पादन गर्न नसकेका र विद्यालय व्यवस्थापन समितिबाट पटक-पटक गुनासो आएमा शिक्षक तथा प्रधानाध्यापकको छानविन गरी दरबन्दी मिलान तथा पदस्थापना गरिनेछ।

१२.शिक्षकको दरबन्दी मिलान तथा पदस्थापनाको निवेदन यसै कार्यविधिको अनूसुची १ बमोजिम हुनेछ।

१३.कार्य सम्पादनको आधारमा कर्मचारी पनि सरुवा गरिनेछ।

१४.प्र.अ.व्यवस्थापन गर्दा शिक्षा व्यवस्थापन कार्यविधि,२०७५ अनुसार प्रक्रिया अगाडि बढाइनेछ।

## परिच्छेद-५

## दरबन्दी मिलान कार्यदलको व्यवस्था :

१४ दरबन्दी मिलान सम्बन्धी कार्य गर्न निम्न अनुसारको कार्यदल गठन गरिने छ ।

क. शिक्षा प्रमुख - संयोजक

ख. नेपाल शिक्षक महासंघ गाउँपालिका अध्यक्ष १ जना - सदस्य

ग. गा.पा.भित्र क्रियाशिल शिक्षक संघ-संगठनका पालिका अध्यक्षहरू - सदस्य

घ.प्राविधिक सहायक- सदस्य सचिव

१५.दरबन्दी मिलान कार्यदलको काम कर्तव्य र अधिकारः

क.शिक्षक दरबन्दी मिलान कार्यका लागि विद्यालयगत मौजुदा शिक्षक संख्या,दरबन्दी मिलानपछि कायम हुने थप दरबन्दीका लागि पुग्नुपर्ने न्यूनतम विद्यार्थी संख्या यकिन गर्ने।

ख.विद्यालयबाट प्राप्त छनौट फारामहरु विश्लेषण गर्ने।

ग.विद्यालयमा तहगत रुपमा शिक्षक दरबन्दी मिलानका लागि खटाइने विद्यालय र शिक्षक नामावली विवरण तयार गरी गाउँ शिक्षा समितिमा पेस गर्ने।

घ.गाउँपालिकाले तोकेका दरबन्दी मिलान सम्बन्धी थप कार्यहरु गर्ने।

ङ.समितिको सचिवालय गाउँपालिकाको शिक्षा,युवा तथा खेलकुद शाखामा रहनेछ।

च.समितिको सचिवालयकालागि आवश्यक पर्ने बजेट गाउँ कार्यपालिकाले व्यवस्था गर्नेछ।

छ.मर्जको अवस्थामा रहेका विद्यालयहरुको सूची तयार गरी गाउँ शिक्षा समितिमा पेस गर्ने।

**परिच्छेद-६**

**विद्यालय मिलान तथा कक्षा थपघट सम्बन्धी व्यवस्थाः**

१६.विद्यार्थी संख्या न्यून भएका विद्यालयहरुलाई गाउँशिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाले नजिकको विद्यालयमा  मिलान वा  कक्षा घटुवा गर्न सक्नेछ।

१७.विद्यालय मिलान वा कक्षा घटुवा गर्दा उक्त विद्यालयका शिक्षक तथा कर्मचारी दरबन्दीहरु आवश्यकताका आधारमा अन्यत्र विद्यालयमा मिलान गर्न सकिनेछ।

**परिच्छेद-७**

**बाधा अड्काउ परेमा फुकुवा हुनेः**

१८.यो कार्यविधि कार्यन्वयनको क्रममा कुनै बाधा अड्काउ परेमा गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाको बैठकले आवश्क निर्णय गर्नेछ।

१९.गाउँपालिकाले शिक्षक व्यवस्थापन कार्यविधि अनुसार सामुदायिक विद्यालयहरुलाई दिँदै आएको गाउँपालिका शिक्षक अनुदान रकम देशमा आर्थिक मन्दी वा अन्य विपद महामारीको कारण गाउँपालिकालाई संघ र प्रदेशबाट प्राप्त हुने बजेटको आकार घट्न गएमा गाउँपालिका अनुदान रकम पनि कटौती गर्न सकिनेछ ।

अनुसूची १

नियम १२ सगँ सम्बन्धित शिक्षकको दरबन्दी मिलानका लागि निवेदनको ढाँचा

श्री.........................ज्यू

गाउँ कार्यपालिकाको कार्यालय

भ्यागुते,प्यूठान।

गाउँपालिकाको मिति................................गतेको निर्णानुसार यस गाउँपालिकाभित्रका शिक्षक तथा कर्मचारी दरबन्दी मिलान व्यवस्थापन गर्दा मलाई देहाय बमोजिमको विद्यालयमा  रही कामकाज गर्ने इच्छा रहेको हुँदा  प्रचलित ऐन/नियम/कार्यविधिका आधारमा प्रथमिकता क्रममा रहेको विद्यालयमा कामकाज गर्ने गरी खटाइदिन हुन अनुरोध सहित निवेदन पेस गर्दछु।

नामथरः हस्ताक्षरः

स्थायी ठेगानाः अस्थायी ठेगानाः

जिल्लाः जिल्लाः

पालिकाः पालिकाः

वडा नं. : वडा नं.-

तह र श्रेणीः

मोबाइल नम्बरः सुरुको नियुक्ति मितिः

हाल कार्यरत विद्यालयको नाम र ठेगानाः हालको नियुक्ति

हाल कार्यरत विद्यालयमा पदस्थापना/सरुवा

दरबन्दी मिलानमा जान चाहेको विद्यालयको प्राथमिकीकरणक्रम

| क.सं. | विद्यालयको नाम | वडा नं. | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

झिमरुक गाउँपालिका बैठकबाट मिति २०८०/०१/११ गते पारित यो कार्यविधि झिमरुक गाउँपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण(कार्यविधि) नियमावली,२०७४ को नियम ३ को उपनियम ४ बमोजिम प्रमाणीकरण गर्दछु।

सुवाश रिजाल

प्रमुख प्रशासकीय अधिकृत

मितिः २०८०।०१।२४